
HUMAN RIGHTS WATCH

# नेपालमा अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा



नेपालः सबै बालबालिकाका लागि शिक्षालाई समावेशी बनाऊ

# हाम्रा बारेमा

हाम्रो नाम ह्युमन राइट्स् वाच हो



संसारका सबै व्यक्तिले समान व्यवहार र आफ्नो अधिकार पाउनुपर्छ भन्ने कुरा सुनिश्चित गर्नु नै हाम्रो काम हो

# यस रिपोर्टका बारेमा




यो रिपोर्ट नेपालका अपाङ्गता भएका बालबालिकाका बारेमा तयार गरिएको हो।



यो रिपोर्ट अपाङ्गता भएका बालबालिकाको शिक्षाका बारेमा र यस क्षेत्रमा के के परिवर्तन चाहिएको छ भन्ने बारेमा हो।



नेपालमा अपाङ्गता भएका बालबालिकाको शिक्षा कस्तो छ भन्ने बारेमा हामीले केही कुरा थाहा पाएका छौँ



२०१८ को मे महिनामा हामी नेपालका केही विद्यालयहरूमा गयौँ

त्यहाँ हामीले:




- अपाङ्गता भएका बालबालिका र तिनका परिवारका सदस्यहरूसित,
- अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूसित,
- शिक्षक र विद्यालय सञ्चालकहरूसित,
- सरकारी निकाय र अन्य संस्थाका कर्मचारीहरूसित कुराकानी गऱ्यौँ



नेपालका अपाङ्गता भएका बालबालिकाको शिक्षाका बारेमा हामीले २०११ मा पनि एउटा रिपोर्ट प्रकाशित गरेका थियौँ


# अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा कस्तो हुनुपर्छ?



अपाङ्गता भएका सबै बालबालिकासित राम्रो शिक्षा पाउने अधिकार छ




सबै बालबालिका, अर्थात्, अपाङ्गता भएका र नभएका दुवै थरीले एउटै कक्षाकोठामा सँगसँगै पढ्न पाउनु पर्छ।



अपाङ्गता भएका बालबालिकाले आवश्यक सहयोग पाउनु पर्छ।

- अरू बालबालिकासित एउटै कक्षाकोठामा पढ्न पाउनु पर्छ।
- अरू बालबालिकासँगै खेल्न र अरू काम गर्न पाउनुपर्छ।

**समावेशी शिक्षा** भनेको यही हो।




नेपाल सरकारले यस्तो शिक्षा लागु गराउने बाचा गरेको छ।

सरकाले यस विषयमा एउटा महत्वपूर्ण दस्तावेजमा हस्ताक्षर पनि गरेको छ।




अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका बारेमा सरकारले नयाँ कानून र नियमहरू पनि बनाएको छ।



शिक्षाको अधिकार त्यसैमा पर्छ।


उदाहरणका लागि, दृष्टिविहीन र बहिरोपन भएका बालबालिकालाई ब्रेल लिपि र साङ्केतिक भाषामा निःशुल्क शिक्षा पाउने अधिकार छ।



सरकारले समावेशी शिक्षाका बारेमा पनि योजना बनाइरहेको छ।


तर अपाङ्गता भएका बालबालिकाका लागि शिक्षालाई अझ राम्रो बनाउनका लागि सरकारले अझ धेरै काम गर्न आवश्यक छ।

# अपाङ्गता भएका नेपाली बालबालिकाका लागि शिक्षा कस्तो हुनुपर्छ?



अपाङ्गता भएका धेरै नेपाली बालबालिकाले शिक्षा नै पाउँदैनन् वा पाइहाले पनि राम्रो शिक्षा पाउँदैनन्।

**बालबालिका विद्यालय नै जाँदैनन्**




नेपालमा अपाङ्गता भएका धेरै बालबालिका विद्यालय जाँदैनन्।

उदाहरणका लागि, बौद्धिक अपाङ्गता भएका धेरै बालबालिका विद्यालय जाँदैनन्।



बौद्धिक अपाङ्गता भएका बालबालिका विद्यालय गए पनि एकदमै सामान्य कुरा, उदाहरणका लागि, नुहाउने र लुगा फेर्ने जस्ता काम मात्र सिक्छन्


उनीहरू गणित र विज्ञान जस्ता विषय अरू बालबालिकाले जसरी सिक्दैनन् ।



**फरक कक्षाकोठाहरूमा सिकाइ**


अपाङ्गता भएका केही बालबालिका पनि अपाङ्गता नभएका बालबालिका जाने विद्यालयमै पढ्न जान्छन्।

तर अपाङ्गता भएका अधिकांश बालबालिका अरू बालबालिका अलग्गै कोठामा पढ्छन्।



उस्तै अपाङ्गता भएका बालबालिका भने सँगै पढ्छन्।

उदाहरणका लागि, कुनै एउटा विद्यालयमा बहिरोपन भएका बालबालिकालाई मात्र पढाइनसक्छ।




अर्को विद्यालयमा दृष्टिविहीन बालबालिकलाई मात्र पढाइन्छ।



यसको अर्थ

विद्यालयहरूले एक किसिमको अपाङ्गता भएका बालबालिकालाई मात्र पढाउन सक्छन्।

यसबाट कहिलेकाहीँ समस्या हुनसक्छ किनभने यसले फरक किसिमको अपाङ्गता भएका बालबालिकालाई विद्यालय जाने अवसरबाट रोक्छ।



कतिपय बालबालिकाले त आफूलाई मिल्ने सुविधाको खोजीमा घर-परिवारभन्दा धेरै टाढाका विद्यालयमा जानुपरिरहेको छ।

उनीहरूले विद्यालयमै बस्नु पर्ने पनि हुनसक्छ।




फरक फरक उमेरका अपाङ्गता भएका बालबालिकाहरूले सँगसँगै पढ्नुपर्ने पनि हुनसक्छ।

उदाहरणका लागि, ७ वर्षका बालबालिकाले १७ वर्षकासित सँगै पढ्नुपर्ने हुनसक्छ।




## सहयोग छैन विद्यालयमा

अपाङ्गता भएका धेरै बालबालिकाहरूले विद्यालयमा पढ्न र अरू कुरा सिक्नका लागि उपयुक्त किसिमको सहयोग र सुविधा पाउँदैनन्।



उदाहरणका लागि, अपाङ्गता भएका बालबालिकाहरूलाई तस्वीर र सरल शब्दमा, ब्रेल लिपिमा वा साङ्केतिक भाषामा जानकारी चाहिन सक्छ।


वा कक्षाकोठामा सहायता गर्ने व्यक्तिको  आवश्यकता पर्न सक्छ।



कति आमाबाबुले त आफ्ना छोराछोरीलाई विद्यालयमा सहयोग गर्नकै लागि काम समेत छाड्नुपर्छ।




माध्यमिक विद्यालयमा भर्ना हुन वा विश्वविद्यालयमा प्रवेश पाउनका लागि बालबालिकाले परीक्षाहरू उत्तीर्ण गर्नैपर्छ।



तर अपाङ्गता भएका बालबालिकाका लागि परीक्षाहरू प्रायः धेरै कठिन हुन्छन्।

दाहरणका लागि, चित्र भएका प्रश्नपत्र पनि हुनसक्छन् जुन दृष्टिविहीन बालबालिकाले देख्नै सक्दैनन्।



**शिक्षकहरूलाई तालीम छैन**


धेरै शिक्षकहरूलाई अपाङ्गता भएका बालबालिकाका र अपाङ्गता नभएका बालबालिकालाई सँगै राखेर कसरी पढाउने भन्ने नै थाहा छैन।

यसका लागि उनीहरूले उपयुक्त तालीम पाएका छैनन्।



विद्यालय भवनहरू

धेरै विद्यालयहरू अपाङ्गता भएका बालबालिकाका लागि प्रवेश गर्न र यताउता गर्नका  लागि अप्ठ्यारा छन्।



उदाहरणका लागि, धेरै विद्यालयहरूमा सिँढी वा भऱ्याङहरू मात्र हुन्छन्, ह्वील चेयर चलाउन मिल्ने र्‍याम्प वा लिफ्ट हुँदैनन् ।


अपाङ्गता भएका कतिपय बालबालिकाले त यही अप्ठ्यारोका कारण समेत विद्यालय छाड्नुपरेको छ।



सूचना


नेपालमा अपाङ्गता भएका बालबालिका र उनीहरूले पाउने शिक्षाका बारेमा पर्याप्त सूचना पाइँदैन।

# अब के हुनुपर्छ त?



नेपाल सरकारले तत्कालै निम्न कामहरू शुरू गर्नुपर्छः


अपाङ्गता भएका सबै बालबालिकाले राम्रो शिक्षा पाऊन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ।



अपाङ्गता भएका बालबालिकालाई छुट्टै कक्षाकोठाहरूमा पठाउनु हुँदैन। उनीहरूले अपाङ्गता नभएका बालबालिकासित एउटै कक्षा कोठामा बसेर पढ्नुपर्छ।

यसलाई नै **समावेशी शिक्षा** भनिन्छ।

अपाङ्गता भएका सबै बालबालिकाले सिक्न,  विभिन्न कुरामा सहभागी हुन र विद्यालयमा राम्रो गर्नका लागि चाहिने सहयोग पाऊन् भन्ने सुनिश्चित गर्नो।




त्येक बालबालिकालाई फरक फरक किसिमका सहायताको आवश्यकता पर्नसक्छ।



नेपाल सरकारले निम्न कामहरू गर्नुपर्छः

विद्यालयहरू अपाङ्गता भएका बालबालिकाका लागि सजिलै प्रवेश गर्न र यताउता आवतजावत गर्न सजिलाहोऊन् भन्ने सुनिश्चित गर्ने।




भवनहरूलाई सबैका लागि सजिलो बनाउने केही नियमहरू छन्।

नयाँ विद्यालय भवन बनाउनेहरूले र विद्यालय भवनमा फेरबदल गर्नेहरूले ती नियमहरू पालना गरून् भन्ने सुनिश्चित गर्ने।



अपाङ्गता भएका सबै बालबालिकाले आफूलाई उपयुक्त हुने किसिमले परीक्षा दिन पाऊन् भन्ने सुनिश्चित गर्ने।



सबै शिक्षकहरूले समावेशी शिक्षाको राम्रो तालीम पाऊन् भन्ने कुरा सुनिश्चित गर्ने।



नेपाल सरकारले निम्न कामहरू गर्नुपर्छः

अपाङ्गता भएका सबै बालबालिका विद्यालय जाऊन् र उपयुक्त सुविधा र सहयोगहरूका साथमा उपयुक्त शिक्षा पाऊन् भन्ने सुनिश्चित गर्ने।



नेपालका अपाङ्गता भएका बालबालिका र उनीहरूको शिक्षाका बारेमा राम्रो सूचना हासिल गर्ने।

उक्त सूचनालाई सबै बालबालिकाका लागि शिक्षा सम्बन्धी राम्रा योजनाहरू बनाउनका लागि प्रयोग गर्ने।



यस कामका लागि नेपाललाई विश्वका अन्य दातृसंस्थाहरूले पनि मदत गर्न सक्छन्।

यहाँ प्रयोग गरिएका अधिकांश तस्वीरहरू पिक्चर कम्युनिकेशन सिम्बोल्स **©1981–2016 मेयर-जोन्सन एलएलसी, डाइनभोक्स कम्पनीबाट तयार गरिएका हुन्। विश्वभर सर्वाधिकार सुरक्षित। www.boardmakeronline.comमा हजारौँ स्रोत सामग्री निःशुल्क उपलब्ध छन्।**